**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०९ जनवरी २०२५

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज ओडिशाको राजधानी भुवनेश्वरमा 18औं प्रवासी भारतीय दिवस सम्मेलनको उद्घाटन गर्नु हुँदै गत 10 वर्षमा अन्य देशले भारततिर हेर्न थालेको बताउनु भएको छ।

२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आजका बालबालिकाले भोलिको भारत निर्माण गर्नेछन् भनी विशेष सन्देश दिनु भएको छ|

३. केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले आज भारत-नेपाल सीमाको भ्रमण गर्नु भएको छ।

४. ग्रामीण क्षेत्रहरूमा 'आवास योजना' अन्तर्गत निर्मित घरहरूमा अब राज्य सरकारको लोगो लगाइने भएको छ।

५. कालेबुङको डेलो डाँडामा आजदेखि सप्ताहव्यापी सबला मेला शुरु भएको छ।

**प्रधानमन्त्री प्रवासी भारतीय दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ओडिशाको राजधानी भुवनेश्वरमा 18औं प्रवासी भारतीय दिवस सम्मेलनको उद्घाटन गर्नु हुँदै गत 10 वर्षमा अन्य देशले भारततिर हेर्न थालेको बताउनु भएको छ। उहाँले भन्नु भयो, भारतको कुरा आज विश्वले ध्यान लाएर सुन्छ। विदेश मन्त्रालय र ओडिशा सरकारद्वारा संयुक्त रूपमा आयोजित तीन दिवसीय प्रवासी भारतीय दिवस सम्मेलनको थीम 'विकसित भारतको संकल्पमा प्रवासी भारतीयहरूको योगदान' राखिएको छ। प्रधानमन्त्रीले यस अवसरमा प्रवासी भारतीय एक्सप्रेसलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु भयो। यो प्रवासी भारतीयहरूका लागि एक विशेष पर्यटक ट्रेन हो। यसबाहेक प्रधानमन्त्रीले केन्द्र र राज्यका मन्त्रालयहरू र विभागहरूको चार प्रदर्शनीहरू र प्रचार स्टलहरूको उद्घाटन गर्नु भयो। समारोहमा प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनको शुरूआत भगवान जगन्नाथ र भगवान लिंगराजको पावन धरतीमा पूरा विश्वासले आएका आफ्नो भारतवंशी परिवारको स्वागत गरी गर्नु भयो। उहाँले भन्नु भयो, यो भारतमा जीवन्त उत्सवहरू र समारोहहरूको समय हो। केही दिनमै प्रयागराजमा महाकुम्भ शुरू हुनेछ, मकर संक्रान्ति, लोहड़ी, पोंगल र माघ बिहूको चाँड़ पनि आउनेछ। हरेक ठाउँ खुशीको माहोल छ। यसबाहेक 1915 मा यही दिन महात्मा गान्धी लामो समयसम्म विदेशमा रहेपछि भारत फर्केका थिए। यस्तो अद्भुत समयमा भारतमा तपाईको उपस्थिति उत्सवको भावनालाई अझ् बढ़ाइरहेको छ। भारतमा आर्थिक विकासको निम्ति केन्द्र सरकारको प्रयासहरूको सराहना गर्नु हुँदै प्रधानमन्त्रीले भन्नु भयो, मात्र 10 वर्षमा भारतमा 25 करोड़ मानिसहरु गरीबीदेखि बाहिर आइसकेका छन्। केवल 10 वर्षमा भारत विश्वको 10औं देखि 5औं सबैभन्दा ठूलो अर्थव्यवस्था बनेको छ। त्यो दिन टाढ़ा छैन जब भारत तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्नेछ। भारतको सफलतालाई आज विश्वले देखिरहेको छ। आज भारतको हरेक सेक्टर आकाश छुन अगाड़ी बढ़िरहेको छ। 21औं शताब्दीको भारत, आज जुन गतिले अगाड़ी बढ़िरहेको छ, जुन स्केलमा आज भारतमा विकास भइरहेको छ त्यो अभूतपूर्व हो।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले सामाजिक संजाल पोस्टमा विशेष सन्देश दिनु हुँदै लेख्नु भएको छ, "आजका बालबालिकाले भोलिको भारत निर्माण गर्नेछन्।"उहाँले भन्नु भयो, हाम्रो सरकारले सत्तामा आएपछि कन्याश्री, एकाश्री, शिक्षाश्री, मेधाश्री, विद्यार्थी क्रेडिट कार्ड र स्वामी विवेकानन्द छात्रवृत्ति जस्ता योजनाहरू शुरु गरेको छ। यी योजनाहरूको उद्देश्य विशेष गरी पछाडिएका वर्गका विद्यार्थीहरूलाई लाभान्वित गर्नु हो। हामीले यस्तो वातावरण सिर्जना गरेका छौं जहाँ प्रत्येक विद्यार्थीले आफ्नो प्रगतिको लागि प्रयास गर्न सक्छन्।

****** ० ******

**केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द राय**

केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले आज सिक्किम जान अघि भारत-नेपाल सीमाको भ्रमण गर्नु भएको छ। मन्त्रीले भारत-नेपाल सीमा क्षेत्र खोडीबारीको पानी ट्याङ्कीमा पुगेर एसएसबी जवानहरूसँग कुराकानी गर्नु भयो। यस अवधि एसएसबीका जवान र स्थानीय कलाकारहरूले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए।केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले पत्रकारहरूलाई भन्नु भयो, एसएसबीले दुई मित्र राष्ट्र नेपाल र भुटानबीचको सीमाको निगरानी गर्छ। सामाजिक कार्यसँगै एसएसबीका जवानहरूले सीमाको निगरानी र आम जनतासँग सम्पर्क पनि कायम राखिरहेका छन्। जबकि भारतको नेपालसँग रोटी-छोरीको सम्बन्ध छ। पछि, सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने नेपाली, राजवंशी र आदिवासी समुदायका कलाकारहरूलाई पुरस्कृत गरेपछि उ सिक्किम प्रस्थान गर्नु भयो।

****** ० ******

**ग्रामीण क्षेत्रहरूमा 'आवास योजना'**

ग्रामीण क्षेत्रहरूमा 'आवास योजना' अन्तर्गत निर्मित घरहरूमा अब राज्य सरकारको लोगो लगाइनेछ। राज्य सचिवालय नवान्नले चाँड़ै नै लोगो जिल्ला प्रशासनलाई पठाउनेछ। यस सम्बन्धमा पंचायत अनि ग्रामीण विकास विभागले जिल्लाधिकारीहरूलाई एक स्ट्याण्ड अपरेटिंग प्रोसिजर (एसओपी) जारी गरेको छ। पंचायत र ग्रामीण विकास विभागको विशेष सचिवद्वारा जिल्लाहरूलाई पठाइएको एसओपीमा भनिएको छ, यस योजना अन्तर्गत घर बनाउने लाभार्थीहरूलाई उचित मूल्यमा निर्माण सामग्रीहरू जस्तै ईंटा, सिमेन्ट, रड आदिको उपलब्धता सुनिश्चित गर्नुपर्छ। यसको लागि डिलर तथा स्थानीय बजारका व्यापारीहरूसित कुरा गर्ने निर्देश दिइएको छ। यसमा लाभार्थीहरूको लागि केही निर्देश पनि जारी गरिएको छ| यो योजना आर्थिक रूपमा कमजोर वर्गका लागि हो। यसान्तर्गत न्यूनतम 25 वर्ग मीटरको घर बनाइनेछ जसलाई सरकारी राशि प्राप्त भएपछि अधिकतम एक वर्षभित्रमा पूरा गर्नुपर्छ। यदि लाभार्थीहरू भूमिहिन छन् भने उनीहरूको घर बनाउनको लागि उपयुक्त सरकारी जमीनलाई चिन्हित गरी पट्टा दिने प्रावधान छ। यस अतिरिक्त हरेक घरमा शौचालय निर्माण 'निर्मल बंगाल' परियोजना अन्तर्गत गरिनेछ। जल आपूर्तिको जिम्मेवारी लोक स्वास्थ्य यान्त्रिकी विभगलाई दिइएको छ भने बिजुलीको व्यवस्था एसईडीसीएलको माध्यमबाट गरिनेछ। योजनाको निगरानीको लागि घरको निर्माण कार्य पूरा भएपछि सर्वेक्षकले मैदानमा पुगेर निरीक्षण गर्नेछ, फोटो खिच्नेछन् अनि जियो ट्यागिंग गर्नेछन्। यस आधारमा ब्लक स्तरका अधिकारीले घरलाई स्वीकृति दिनेछन्। साथै लाभार्थी परिवारलाई पंचायतको आनन्दधारा योजनासित जोड़िनेछ ताकि उनीहरूको जीवनस्तर श्रेष्ठ हुन सकोस्। राज्य सरकारको यो पहललाई गरीबहरूलाई सशक्त बनाउन तथा उनीहरूलाई आधारभूत सुविधाहरू प्रदान गर्ने दिशामा एक महत्वपूर्ण कदम मानिँदैछ।

****** ० ******

**सबला मेला कालेबुङ**

कालेबुङको डेलो डाँडामा आजदेखि सप्ताहव्यापी सबला मेला शुरु भएको छ। विधायक रुदेन लेप्चा, कालेबुङको जिल्ला अधिकारी बाला सुब्रमणियन टी, जिल्ला पुलिस अधिक्षक श्रीहरी पाण्डे, नगर प्रशाशक रवि प्रधान आदिको उपस्थितिमा शुरु गरिएको उक्त मेला पश्चिम बङ्गाल डिपार्टमेन्ट अफ सेल्फ हेल्प ग्रुप एण्ड सेल्फ इम्प्लोइमेन्टद्वारा आयोजना गरिएको हो। ग्रामीण महिलाहरूको आर्थिक सशक्तिकरण गर्नका साथै स्थानीय उत्पादनलाई प्रोत्साहन प्रदान गर्न मेला आयोजना गरिएको बताइएको छ। मेलामा स्व निर्भर समूह, विभिन्न बोर्ड, विभाग आदिका स्टलहरु राखिएको छ भने यसले पर्यटकहरुलाई पनि आकर्षित गर्न सक्ने बताइएको छ।

****** ० ******

**दार्जीलिङमा चालकहरुको नयाँ संगठन**

चालकहरुले प्रत्येक दिन भोग्न परिरहेको समस्यालाई सठीक प्रकारले कुनै चालक संगठनले सम्बोधन नगरेको साथै अहिलेको कुनै पनि चालक संगठनहरुसंग तालमेल नमिलेको भन्दै आजबाट दार्जीलिङमा चालकहरुको नयाँ संगठन "हिमालयन ड्राइभर एण्ड अनर्स वेलफेयर एसोसिएसन" गठन भएको छ। संगठन गैर राजनैतिक हुने एसोसिएसन तर्फबाट बताईएको छ। यस संगठनले आफ्नो पहिलो टेकको रूपमा दार्जीलिङमा टाइगर हिलको निम्ती काट्न पर्ने टोकन बन्द गर्न लाउने पाइला चाल्ने भएको छ भने ट्राफिक समस्या समाधानको निम्ति पनि प्रशासनसंग मिलेर काम गर्ने आज पत्रकार सम्मेलनमा बताएका छन्। युवा चालकहरु लगायत गाडी मालिकहरुलाई लिएर गठन भएको यस संगठनले दार्जीलिङ बाहिर पनि आफ्नो संगठन विस्तार गर्ने बताएको छ।

****** ० ******

**मेचपाड़ा चिया बगान बन्द**

अलिपुरद्वार जिल्लाको कालचिनी ब्लक अधिनस्थ मेचपाड़ा चिया बगान प्रबन्धनले गए हिजो राति बगान बन्द गर्ने नोटिस झुण्डायो। आज बिहान काममा हिँड़ेका श्रमिकहरूले बगानको गेट बन्द देखे। गेटमा अनिश्चितकालीन कार्यस्थगनको नोटिस झुण्डाइएको थियो। चिया बगान बन्द भएको कारणले लगभग 1300 श्रमिक परिवारहरु निराश भएका छन्। उल्लेखनीय छ, राज्य र केन्द्र सरकारबीच चलिरहेको तानातानको कारणले एकातिर श्रमिकहरू मनरेगाको कामदेखि वञ्चित भइरहेका छन् भने अर्कोतिर चिया बगानहरू एकपछि अर्को बन्द भइरहेका छन्। अलिपुरद्वारमा चिया बगानहरूको मोठ संख्या 69 छ। यीमध्ये नौवटा चिया बगानहरूमा ताला लागिसकेको छ। यस सूचीमा मेचपाड़ाको नाम पनि जोड़िएको छ। अलिपुरद्वार-कुचबिहार चिया बगान श्रमिक संघको भनाइ छ, चियाका गाछहरूमा नयाँ पत्ती पलाउन थालेपछि मालिकहरू फेरि आएर श्रमिकहरूलाई गलत ढंगमा काम गर्नका लागि बाध्य बनाउनेछन्। श्रमिक संघको माग छ, सरकारले कड़ा कारबाही गर्दै चिया बगानहरूलाई तुरून्तै खोलोस्। सरकार असहाय श्रमिकहरूको पक्षमा उभिनुपर्छ।

****** ० ******

**अजय एडवार्डर्स**

ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको संयोजक अजय एडवार्डर्स आज खरसाङको टुङ सन्त मेरिज समष्टिको सन्त मेरिज ग्राम पञ्चायत 2 अन्तर्गत सिंगेल चियाबारी भ्रमणमा आउनु भएको थियो। आज अजय एडवर्ड्सले बाँसघारी लगायत सिँगेल क्षेत्रको भ्रमण गर्नु भएको थियो । यसावधि उहाँले सिंगेल चियाबारीको सोचनीय अवस्थामा रहेको बाटोको पनि निरीक्षण गर्नु भएको थियो। उहाँले यसावधि पत्रकारहरुलाई सम्बोधन गर्दै गत दुई वर्ष अघि सिंगेल चियाबारीको भ्रमणमा आएको थिए तेतिबेला पनि बाटो बनिनु लागेको थियो तर अहिलेसम्म पनि बनिएको छैन भनी बताउनु भएको छ। उहाँले सिंगेल चियाबारीमा बाटो मरमत्तिको लागि गत नोभेम्बरमा नै नरिवल फुटेको हो तर अहिलेसम्म पनि बाटो बनिएको छैन। यो अवस्था सिंगेलमा मात्र होइन पहाडभरि यस्तो रहेको आरोप लगाउनु भएको छ।

****** ० ******

**सर सफाई**

दार्जीलिङको राजबारी ब्याडमिन्टन क्लब एंव हिल्दारी संस्थाको सयुक्त आयोजनामा आज दार्जीलिङ नगरपालिकाको वार्ड नम्बर 7 अन्तर्गत राजवारी क्षेत्रमा व्यापक सर सफाई गरेका छन्। यस सफाई अभियानमा राजबारी ब्याडमिन्टन क्लब अनि हिल्दारी संस्थाका सदस्यहरुले सक्रिय रूपमा भाग लिएका थिए भने वार्ड नम्बर ७ का नगरपार्षद बिष्णु मल्लको पनि उपस्थिति रहेको थियो। यस सफाई अभियानबारे राजबारी ब्याडमिन्टन क्लबका सदस्य सुरेस छेत्रीले विस्तृत जानकारी गराएका छन्।

****** ० ******